# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस १६ गते २०५८ साल (संख्या ३६

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १३६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १ र २ मा देहाय बमोजिम थपघट गरेको छः–

१. अनुसूची-१ मा "गोश्वारा हुलाक कार्यालयका प्रमुख हुलाक हाकिम" थप गरिएको छ।

२. अनुसूची-२ को,-

(क) क्रम संख्या ३८ को खण्ड (ङ) झिकिएको छ ।

(ख) क्रम संख्या ३८ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ ।

"(छ) राजपत्राङ्कित अधिकृत प्रमुख हुने इलाका हुलाक कार्यालयहरू ।"

आज्ञाले,

मुकुन्दप्रसाद अर्ज्याल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०५

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन ऐन, २०४९ को दफा ७०क. ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारहरूलाई देहायबमोजिम प्रतिबन्ध लगाएको छ :–

१. सङ्कलन, उपयोग बिक्री वितरण, ओसार पसार र विदेश निकासीको लागि प्रतिबन्ध लगाइएका जडिबुटीहरूः–

(क) पाँच औले (Dactylorhiza hatagirea)
(ख) ओखरको बोक्रा (Juglans regia)
(ग) कुटकी (Picrorhiza scrophulariiflora)

२. वनस्पति विभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र प्रशोधन गरी सारतत्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका जडिबुटीहरूः–

(क) जटामसी Nardostachys grandiflora)
(ख) सर्पगन्धा (Rauwolfia serpentina)
(ग) सुगन्धकोकिला (Cinnamomum glaucescens)
(घ) सुगन्धवाल (Valeriana jatamansi)
(ङ) झ्याउ (Lichean spp.)
(च) तालिस पत्र (Abies spectabilis)
(छ) लौठ सल्ला (Taxus spp.)

३. वनस्पति विभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्यभित्र उमालेर सारतत्व निकाली (Boil and extract गरी) उपयुक्त ढंगले सम्मिश्रण गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक शिलाजित (Rock Exudat) लाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ।

४. वनस्पति विभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिशमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन विभागको स्वीकृति लिएर नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिराज्यभित्र वाष्पीकरण र सम्वेष्टन (Steaming and Packaging) गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक यार्सागुम्बा (Cordyceps sinensis) लाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

५. व्यापारिक प्रयोजनको लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका रुखहरू:–

(क) चाँप (Michelia champaka m. kisopa)

(ख) खयर (Acacia catechu)

(ग) साल (shorea robusta)

(घ) सिमल (Bombax ceiba)

(ङ) सतीसाल (Dalbergia latifolia)

(च) विजयसाल (Pterocarpus marsupium)

(छ) ओखर (Juglans regia) (राष्ट्रिय वनको मात्र)

द्रष्टव्यः उल्लिखित प्रतिबन्ध व्यवस्थापन योजनामा उल्लेख भएबमोजिम ढलापडा रुखमा, स्वीकृत कार्ययोजना बमोजिम कटान हुने रुखमा र प्राथमिकता प्राप्त आयोजनाहरूबाट कटान हुने रुखको हकमा लागू हुने छैन ।

खण्ड ५०, संख्या ४३, मिति २०५७ साल फागुन १ गते र खण्ड ५०, संख्या ४५, मिति २०५७ साल फागुन १५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उपसचिव (कानून)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

### श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०५८ मङ्सिर ५ गतेको निर्णयानुसार मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक श्री अनन्तराज पाण्डेलाई भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सचिव पदमा सरुवा गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५८ मङ्सिर ५ गतेको निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) श्री वीरेन्द्रबहादुर देउजालाई निजको राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) पदको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

812